सुनिलस्मृति गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सुलिचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

## विषय:- सीपमूलक तालिम सम्वन्धी सूचना ।

**प्रथम पटक प्रकाशित मिति:२०७८/०७/२३ गते**

सुनिलस्मृति गाउँपालिका महिला तथा बालबालिका शाखा अन्तर्गतको आ.व. २०७८।०७९ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार विभिन्न सीपमूलक तालिम नि:शुल्क सञ्चालन गर्न गइरहेको हुँदा यस गाउँपालिका भित्र स्थायी रुपमा बसोबास गरिरहेका र तोकिएको योग्यता पुगेका इच्छुक महिलाहरुबाट आवश्यक कागजात सहित सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र गाउँ कार्यपालिकाको कार्यालयमा कार्यालय समय भित्र दरखास्त दिनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल:-

| क्र.सं. | तालिमको विषय | तालिम अवधि | न्यूनतम् शैक्षिक योग्यता | दरखास्त दिने अन्तिम मिति |
|---|---|---|---|---|
| १. | सिलाईकटाई सीप अभिवृद्धि तालिम | १ महिना | साधारण लेखपढ | २०७८।०८।०७ गते |
| २. | महिलाहरुको लागि आधारभूत कम्प्युटर तालिम | ३ महिना | एस.एल.सी/एस.ई.ई उतीर्ण | २०७८।०८।०७ गते |

शर्तहरु:

१. १८ वर्ष उमेर पूरा भएको,
२. सिलाईकटाई तालिमको हकमा तीन महिने सिलाईकटाई तालिम लिई व्यवसाय सञ्चालन गरिरहेको ।
३. विपन्न, द्वन्द्व पीडित, शहीद परिवार, एकल महिलालाई प्राथमिकता ।

आवश्यक कागजातहरु:

१. निवेदन फाराम, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी, हालसालै खिचेको पासपोर्ट साइजको फोटो (थान -१)
२. स्थायी रुपमा बसोबास गरिरहेको सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र
३. तीन महिने सिलाईकटाई तालिमको प्रमाणपत्रको प्रतिलिपी (थान -१)
४. कम्प्युटर तालिमको लागि एस.ई.ई वा एस.एल.सी उतीर्ण गरेको लब्धाङ्क पत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपी (थान -१)

(गौतम भण्डारी)
प्रमुख प्रशासकीय अधिकृत

ईमेल : ssrminfo@gmail.com|ito.sunilsmritirm@gmail.com । टोल फ्रि नं : १६६०८६४४२५०